# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स./रा.०८०।०८१
च.नं.

**नगर बस सेवा संचालन सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना।**

प्रथम पटक प्रकाशित मिति:२०८१/४/१

धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेका ६ वटा बसलाई फुलवारी,धनगढी चौराहा, शहिद गेट, क्याम्पस रोड हुदै पुनः फुलवारी सम्म सार्वजनिक सवारीका रूपमा बस सेवा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम १० बर्ष सम्मका लागि ठेक्कामा लगाउनु पर्ने भएकोले उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि यो ३० दिने बिधुतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. बार्षिक न्यूनतम ठेक्का अंक रू २१,६०,०००।- (अक्षरुपी एक्काइश लाख साठी हजार मात्र) मु.अ.कर बाहेक कायम गरिएको छ।

२. ठेक्काको आवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मितिले १० बर्ष सम्म हुनेछ।

३. दरभाउपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले दरभाउपत्र खरिद वापतको रकम रा.बा.बैंकमा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ३००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

४. बोलपत्र मिति ३१ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। बोलपत्र ३१ औ दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्रमा समावेश हुनका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ।

५. बोलपत्र खरिद गर्ने , पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

६. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ छ वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरुको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ।

७. बोलपत्रदाताले कबोल गरेको प्रत्येक बर्ष पहिलो किस्ता संगै एक बर्षको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा पहिलो किस्ता संगै एक बर्षको ठेक्का

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.०८०।०८१
च.नं.

अंकले हुन् आउने रकम बराबरको १५ महिना अवधी भएको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र ठेक्काको सम्झौता गराई प्रत्येक बर्ष ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

८. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम दुई किस्तामा दोश्रो किस्ता मङ्सिर मसान्त र तेश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउन पर्नेछ।

९. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

१०. बसहरुको मर्मत सम्भार,इन्धन,चालक,सह चालक लगायत बस संग सम्बन्धित सम्पूर्ण प्रतक्ष्य र अप्रत्यक्ष खर्चहरु ठेक्का लिनेले पक्षले व्यहर्नु पर्नेछ ।

११. बसहरुको सवारी दर रेट र अन्य यातायात सेवा सुबिधा सम्बन्धी मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे अनुशार हुनेछ। बस रोकिने स्थान र समय दुवै पक्षको आपसी सहमतिमा हुनेछ।

१२. तोकिएको स्थान वा रुट बाहेक अन्य स्थानमा बस सेवा संचालन गर्न पाइने छैन।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१४. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

१५. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनबाट सरकारलाई बुझाउनु पर्ने बेरुजु कायम भएका फर्म/कम्पनीहरुले यस बोलपत्रको प्रक्रियामा भाग लिन पाउने छैनन्।

प्रमुख प्रशासकीय अधिकृत